कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ०१०-५४२०१६


प.सं. : २०८२/०८३
च.नं. :

## सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/०६/३० गते)

यस कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा तपशिलमा उल्लेखित जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट उल्लेखित पदका लागि प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा यस कालिका गाउँपालिकाको कार्यालय, रसुवामा रितपूर्वक दरखास्त पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. सं. | विज्ञापन नं. | पद/श्रेणी/तह | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०२-०८२/८३ | जनस्वास्थ्य अधिकृत(अधिकृतस्तर सातौं) | १(एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट जनस्वास्थ्य विषय(BPH)मा कम्तिमा स्नातक तह योग्यता उत्तिर्ण गरेको हुनुपर्ने। |
| २ | ०३-०८२/८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) | १(एक) | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र (NHTC) बाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( Word , Excel, Power Point, Email, Internet आदि चलाउन सक्ने ) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>- कम्तिमा प्रविणता प्रमाण पत्र तह वा १० + २ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र(NHTC)बाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचिकृत भएको हुनु पर्नेछ। |
| ३ | ०४-०८२/८३ | रिटर्न स्वयंसेवक (आंशिक) | २(दुई) | • न्यूनतम् कक्षा ८ उतिर्ण गरेको।<br>• वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

१. **दरखास्त दिने स्थानः-** कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा।

२. **आवेदन दिने अन्तिम मितिः-** यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

३. **परीक्षा दस्तुरः** अधिकृतस्तरको लागि रु. १,५००/-(एक हजार पाँच सय मात्र) र अन्यको हकमा रु. १०००/-(एक हजार मात्र)।

४. **छनौटको किसिमः-** अन्तरवार्ता।

५. **कार्य अवधिः** हाललाई २०८३ असार मसान्तसम्म र कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोन: ०१०-५४२०१८

प.सं. : २०८२/०८३
च.नं. :

६. **तलव तथा अन्य सुविधा** : जनस्वास्थ्य अधिकृतको हकमा नेपाल सरकार संघीय शसर्त **म स्वस्थ, मेरो समुदाय स्वस्थ, घर टोलमा स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन निर्देशिका** र अन्यको हकमा SaMi कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

७. **उम्मेदवारको उमेर हद**:- उम्मेदवारको उमेरहद १८ वर्ष पुरा गरी ४० वर्ष उमेर ननाघेको।

८. **आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना संन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवामा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

९. प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।**

(कृष्ण बहादुर के.सी. कुँवर)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत